# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

# प्रेस नोट

बैशाख १५, २०७७

## कैदी बन्दी, विद्यार्थी तथा आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षण गर ।

कोभिड-१९ को संक्रमणको स्थितिमा हिरासत तथा कारागारमा रहेका थुनुवा, कैदी बन्दीको मानव अधिकारको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको छ । आयोगका सदस्य सुदिप पाठकसहितको टोलीले काठमाडौं र ललितपुरका केही हिरासतका साथै केन्द्रीय कारागारको अनुगमन गरेको हो ।

कोभिड-१९ को रोकथामका लागि हिरासत कक्षहरुमा सरसफाई, थुनुवाहरुको स्वास्थ्य परीक्षण, साबुन पानीको व्यवस्था र मुद्दा प्रक्रियामा सचेतता अपनाइएको भएता पनि केन्द्रीय कारागारमा १२५० जनाको क्षमता रहेकोमा ३,१६४ कैदीबन्दीहरु रहेकोले खानेपानी, शौचालय तथा सरसफाई र सामाजिक दूरी कायम गर्न समस्या रहेको पाइएको छ । अनुगमनका क्रममा कारागार व्यवस्था विभागका महानिर्देशक तथा केन्द्रीय कारागार प्रमुखसँग छलफल भएको थियो । छलफलको क्रममा हालसम्म कैदीबन्दीहरुमा संक्रमित रोग नदेखिएको भए तापनि देशभरी ७२ वटा कारागार रहेकोमा अधिकांश कारागारहरु जीर्ण अवस्थामा रहेको, क्षमताभन्दा बढी कैदी बन्दीहरु रहेकोले कहींकतैबाट रोगको संक्रमण हुन गएमा कारागारभित्रको स्थिति भयावह हुनसक्ने तर्फ बेलैमा सचेत हुनपर्ने औंल्याइयो ।

त्यसैगरी, विदेशमा रहेका केही नेपाली कामदारले कोभिड-१९ को कारण तलब नपाउँदा खान बस्न समस्या भएको, उनीहरु संक्रमणको जोखिममा रहेको, तालिम तथा अध्ययनको क्रममा बङ्गलादेश, कतारलगायत विश्वका विभिन्न मुलुकमा रहेका विद्यार्थीहरु खर्च अभावले अलपत्र र अप्ठ्यारोमा परेको भनी आयोगमा फोन, इमेलबाट उजुरीहरु तथा सञ्चार माध्यमबाट जानकारी प्राप्त हुन आएका छन् । अतः यस्तो जटिल परिस्थितिलाई मानवअधिकारमैत्री तवरले समाधान गर्न आयोगले नेपाल सरकार परराष्ट्र, स्वास्थ्य, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्रीहरुसँग छलफल गरी ध्यानाकर्षण गराएको छ ।

.......................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org